# सुस्ता गाउँपालिका
## SUSTA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
कुडिया, नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम), लुम्बिनी प्रदेश, नेपाल
Kudiya, Nawalparasi (Bardaghat, Susta Paschim), Lumbini Province, Nepal

फोनः ०७८-५०६००१
०७८-५०६००६


प.स

च.न

मितिः२०७८/११/१६

### कार्यक्रममा सहभागिताको लागि पेश गर्ने सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मिति२०७८/११/१६

यस सुस्ता गाँउपालिकाको आ.व २०७८/७९ को वार्षिक कार्यक्रम अनुसार यस गाँउपालिका भित्रका कृषकहरुलाई कृषि यन्त्र अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले कार्यक्रममा सहभागि हुन इच्छुक कृषक, कृषि फर्म, कृषक समुहले तपसिल वमोजिमको आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र यस गाँउपालिकाको कृषि सेवा शाखामा आईपुग्ने गरी प्रस्तावना सहितको निवेदन पेश गर्नको लागि यो सुचना प्रकाशन गरिएको छ र निवेदनको ढाँचा यसै साथ संलग्न गरिएको छ ।

तपसिल

| क.स | कार्यक्रमको नाम | निवेदन पेश गर्न पाउने निकाय | न्युनतम शर्त तथा उपलब्ध हुने अनुदान |
|---|---|---|---|
| १ | मिनि टिलर वितरण (९ एच.पि) | कृषि फर्म, कृषक समुह र व्यवसायिक कृषक | व्यवसायिक रुपमा कृषि खेति गरेका कृषक समुह, कृषि फर्म वा कृषकले यन्त्रको मुल्यमा ६० प्रतिशत अनुदान प्राप्त गर्न सक्ने छन् । |
| २ | पम्पसेट वितरण (५ एच.पि | | व्यवसायिक रुपमा कृषि खेति गरेका कृषक समुह, कृषि फर्म वा कृषकले यन्त्रको मुल्यमा ५० प्रतिशत अनुदान प्राप्त गर्न सक्ने छन् । |

- निवेदन
- लाभग्राहिको नागरिताको छाँया प्रति ।
- जग्गाको विवरण खुल्ने कागजात (जग्गा धनी प्रमाण पुर्जाको छाँया प्रति ।
- कृषक समुहको हकमा दर्ता प्रमाण पत्र तथा संस्थागत रुपमा प्रस्ताव गरिएको निर्णय छाँया प्रति ।
- यदि समुहको कुनै सदस्यले एकल रुपमा सामाग्री लिन चाहेमा समुहको निर्णय सहितको जग्गा धनि प्रमाण पुर्जा र नागरिताको छाँया ।
- कृषि फर्मको हकमा दर्ता प्रमाण पत्र, कर चुक्ता, स्थायि लेखा नं. लगायत विवरण खुल्ने आवश्यक कागजाको छाँया प्रति ।
- निजि फर्म र उद्यमीको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तिमा ५ वर्ष) प्रमाणहरु सहित पेश गर्नु पर्ने छ ।
- मेशिनरी औजार सञ्चालन तथा मर्मत सम्वन्धित तालिम भए सो प्रमाण पत्रको प्रतिलिपि ।

**सर्तहरु**

- बढि कृषकहरु लाभान्वित हुने तथा बढि व्यक्तिहरुलाई रोजगार सृजना हुने खालका प्रस्तावलाई प्राथमिक्त दिईने छ ।
- अनुदान दुरुपयोग भएको पाईएमा अनुदान उपलब्ध गराईएको रकम असुल गरी दुरुपयोग गर्ने कृषि फर्म, कृषक समुह, व्यवसायिक कृषकलाई आगामि २ वर्ष सम्म कृषि सम्वन्धि अनुदानमा समावेश गरीने छैन ।
- एउटा समुह, फर्म, व्यक्ती एउटा यन्त्र मात्र निवेदन पेश गर्न सकिने छ साथै सम्वन्धीत कृषि फर्म,कृषक समुह र व्यवसायिक कृषकहरु ले सोही प्रकृतिको यन्त्रमा अनुदान प्राप्त नगरेको हुनु पर्ने छ ।

२०७८/११/१६

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकिय अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुस्ता गाउँपालिकाको कार्यालय
कुडिया-नवलपरासी(ब.सु.प)

मिति : ....................

विषय : कृषि यन्त्र उपकरण अनुदान उपलब्ध गराई पाउँ ।

प्रस्तुत विषयमा मलाई/हामीलाई धान,गहु,मकै,आलु,तरकारी आदी खेती वा मत्स्य उत्पादन वा अन्य .................. कार्यमा उपयोग गर्नको लागि कृषि यान्त्रिकरण अनुदान अनुसार मिति......................... को सुस्ता गाउँपालिकामा टाँस गरिएको सूचनाको आधारमा आवश्यक परेको कृषि यन्त्र उपकरणहरु बमोजिमको प्रस्ताव तयार गरि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरि अनुदानमा..........................उपलब्ध गराई पाउनको लागि यो निवेदन पेश गरेको छौं/छु ।

संलग्न कागजात :

निवेदक :
नाम :
ठेगाना :
मोबाईल नं. :
समुह/संस्थाको नाम :
पद :
समुह/संस्थाको छाँप :

Scanned with CamScanner